# नेपाल पर्यटन बोर्डको

## सूचना

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन प्रर्वद्धनका लागि मुलुकभरका विभिन्न प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, साहसिक, धार्मिक र साँस्कृतिक महत्व रहेका कम्तिमा १०० वटा नयाँ सम्भाव्य पर्यटकीय गन्तव्य स्थलहरू निम्न बमोजिमका मापदण्डका आधारमा पहिचान गरी छनौट गर्ने भएकाले यस सम्बन्धि आवेदन यही २०७५ श्रावण २८ गते भित्र नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौंमा ईमेल **(100destinations@ntb.org.np)** वा पत्रमार्फत आइपुग्ने गरी पठाइदिनका लागि सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

क) विभिन्न प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, साहसिक, धार्मिक र साँस्कृतिक महत्व रहेका गन्तव्यहरू ।

ख) १०० वर्ष पुराना पुरातात्विक महत्वका सम्पदाहरू ।

ग) पूर्वाधारको अवस्था (सडकको पहुँच, खाना र आवासको ब्यवस्था, शौचालय उपलब्ध रहे/नरहेको आदि) ।

घ) प्रस्तावित गन्तव्य नजिक रहेका अन्य आकर्षक गन्तव्यको उपलब्धता (वरपर रहेका गन्तव्य समेत समेटेर सर्किटको रूपमा विकास गर्न सकिने सम्भाब्यता) ।

ङ.) प्रस्तावित गन्तव्यमा रहेका आकर्षणका कारण पर्यटकले करीब ५ घण्टासम्म समय व्यतित गर्न सक्ने अवस्था ।

च) विस्तृत परियोजना प्रतिबेदन (Detail Project Report) तयार भै सकेका गन्तव्यहरू ।

छ) प्रस्तावित गन्तव्यको लोकप्रियता (Popularity) ।

ज) प्रदेश एंव स्थानीयतहको प्राथमिकता ।

झ) सुरक्षा प्रबन्ध ।


**आवेदन पठाउनका लागि**

**नेपाल पर्यटन बोर्ड**

भृकुटीमण्डप, काठमाण्डौं

पोष्ट बक्स नं: ११०१८

फोन: ०१-४२५६९०९


यो सूचना बोर्डको बेभसाइट *www.trade.welcomenepal.com* मा पनि राखिएको छ ।